नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-

च.नं. :-

## प्रेस विज्ञप्ति

मिति :........................

आज मिति २०७४।०१।११ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव श्री टङ्कमणि शर्माको अध्यक्षतामा काठमाण्डौ उपत्यकामा भईरहेको सडक विस्तार तथा मर्मत सुधार, मेलम्ची खानेपानी आयोजनाको पाईप बिछ्याउने कार्य र ट्राफिक व्यवस्थापन लगायतका बिषयमा सम्बद्ध निकायका पदाधिकारीहरु सहितको बैठक बस्यो ।

उक्त बैठकमा मिति २०७४।०१।०५ गते नेपाल सरकारका मुख्य सचिव डा. सोमलाल सुवेदीको अध्यक्षतामा बसेको बैठकबाट भएका निर्णयहरु मूलतः मेलम्ची खानेपानी आयोजनाले पाईप बिछ्याउनासाथ आपसी समन्वय गरी यातायात सहज बनाउने, वायु प्रदुषण कम गर्ने कार्यको लागि खटिएका फिल्ड तहका प्राविधिक कर्मचारीलाई उनीहरुको काम प्रति जिम्मेवार बनाउने, त्रिपुरेश्वर –कलंकी-नागढुंगासम्मको सडक विस्तारको क्रममा भत्काउनुपर्ने संरचना भत्काउने, बिजुलीका पोल, टेलिफोनका क्याविनेट हटाई सडक विस्तार कार्य समयमै सम्पन्न गर्ने,काठमाण्डौ उपत्यका भित्रका सडकमा रहेका खाल्डाखुल्डी पुर्ने, काठमाण्डौ उपत्यकाका मुल सडक र सहायक सडकहरुमा लेन मार्किङ्ग र जेब्रा क्रसिङ्गका लाईन साविक अस्थामा राख्ने, उपत्यका नगरपालिका भित्रका सडक पेटीहरुमा रहेका पसल तथा निर्माण सामग्री हटाई पेटी सफा गर्ने ट्राफिक व्यवस्थापनमा सार्वसाधारणबाट प्राप्त गुनासो सम्बोधन गरी गुनासोकर्तालाई सो को जानकारी दिने प्रणालीको विकास गर्ने । काठमाण्डौ उपत्यकामा ध्वनी प्रदुषण न्यनीकरण गर्न व्यापक रुपमा प्रचार/प्रसार अभियान सञ्चालन गर्ने साथै उक्त बैठकले उपत्यकामा भईरहेको सार्वजनिक निर्माण तथा यातायात व्यवस्थाको प्रभावकारी कार्यान्वयन तथा अन्तरनिकायगत समन्वय गरी देखिएका समस्या तत्काल सम्बोधन गर्न काठमाण्डौ महानगरपालिकाका कार्यकारी अधिकृतको संयोजकत्वमा सम्बन्धित निकायका जिम्मेवार पदाधिकारीहरु रहेको सार्वजनिक निर्माण, यातायात सेवा व्यवस्थापन तथा कार्यान्वयन समिति गठन गर्ने सम्बन्धमा गरिएका निर्णयहरुको कार्यान्वयन अवस्थाका बारेमा समीक्षा भयो । सचिव शर्माले उक्त समितिलाई स्थलगत रुपमा अनुगमन गरी तत्काल सडकको मर्मत संभार र सडक लगायत सडक क्षेत्रमा रहेका पूर्वाधारको सुधार गर्न निर्देशन दिनुभयो ।

त्यसैगरी उक्त बैठकमा सचिव शर्माले गत विगतमा भएका यी बिषयसँग सम्बन्धित निर्णयहरुको कार्यान्वयन अवस्था अत्यन्त फितलो रहेकोले दैनिक कामको योजना बनाई आम जनताले महसुस गर्नेगरी काम गर्न स्पष्ट निर्देशन दिनुभयो ।

बैठकमा काठमाण्डौ र ललितपुर महानगरपालिकाका कार्यकारी अधिकृत, नेपाल विद्युत प्राधिकरण, आयोजना कार्यान्वयन निर्देशनालय, मध्यमाञ्चल क्षेत्रीय सडक निर्देशनालय, डिभिजन सडक कार्यालय, यातायात व्यवस्था विभाग, महानगरीय प्रहरी ट्राफिक कार्यालयका सम्बद्ध पदाधिकारीहरुको उपस्थिती रहेको थियो ।

०७४।१।११

२०७४ बैशाख ११ गते

(तारानाथ अधिकारी)
उपसचिव

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
ई–मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np